# गैरसरकारी संस्था महासंघ नेपाल र यसका सदस्य संस्थाहरुका लागि आचारसंहिता २०८२

## गैसस महासंघ नेपाल

**गैरसरकारी संस्था महासंघ नेपाल र यसका सदस्य संस्थाहरुका लागि आचारसंहिता २०८२**

गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी गैरसरकारी संस्था महासंघ, गैरसरकारी संस्था महासंघकाका केन्द्रिय, प्रदेश। जिल्ला र सबै समितिहरुका पदाधिकारी तथा सदस्य, कर्मचारी, परामर्शदाता, विज्ञ , स्वयंसेवक तथा महासंघका सदस्य संस्थाहरूको आचरण सम्बन्धमा कार्यसमितिको बैठकबाट पारित गरी यो आचारसंहिता जारी गरिएको छ ।

यो आचारसंहिताको परिपालन गर्ने गराउने दायित्व गैसस महासंघ नेपाल र यसका सदस्य संस्थाहरू तथा महासंघ र महासंघका सदस्य संस्थासँग आवद्ध सबैको जिम्मेवारी हुनेछ ।

**१. सामाजिक जिम्मेवारी र पेसागत आचरण**

१.१ गैसस महासंघ, यसका सदस्य संस्थाहरू र सम्वद्ध व्यक्तिहरुले सामाजिक विकास र स्वयंसेवाका गतिविधिमा उच्च प्राथमिकता दिनुपर्छ ।

१.२ मानवीय सेवा, सार्वजनिक हितको संरक्षण र सम्वद्र्धनका लागि सदैव क्रियाशील हुनुपर्छ ।

१.३ साझा मानवीय मूल्य र उद्देश्यका लागि गैसस महासंघ, यसका सदस्य संस्थाहरु र सम्वद्ध व्यक्तिहरूले कुनै पनि व्यक्तिको पृष्ठभुमी, धर्म, संस्कृति, वर्ण तथा जातजातिका आधारमा हुने सबै प्रकारका विभेदका विरुद्ध क्रियाशिल हुन तयार रहनुपर्छ ।

१.४ संस्थागत र पेसागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनुपर्छ ।

१.५ गैसस महासंघको विधान, नीतिनियम र निर्णयहरु सम्मत् आचरण गर्नुपर्छ ।

१.६महासंघका सदस्य संस्थाहरूले कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा लैंगिकता, अपांगता, बालबालिका, वातावरण संरक्षण, विपद् पुर्व तयारी र व्यवस्थापन तथा जलवायु परिवर्तनप्रति जिम्मेवार र संवेदशीलता भई काम गर्नुपर्छ ।

१.७ महासंघ र सदस्य संस्थाहरूले आफ्नो नीति, योजना, संस्थागत संरचना, मानविय स्रोत व्यवस्थापन र कार्यक्रम तथा परियोजना पहिचान, कार्यान्वयन र कार्यक्षेत्र चयन तथा कार्यसम्पादन गर्दा समावेशीकरणको सिद्धान्त र प्रक्रियालाई आत्मसात गर्नुपर्छ ।

१.८ पिडित, प्रभावित र जोखिम समुह वा समुदायसँग काम गर्दा तथा समन्वय सहकार्य गर्दा पिडितमैत्री सिद्धान्तको पूर्ण पालना गरिनुपर्दछ ।

## २. मानवअधिकार र स्वतन्त्रताको सम्मान

२.१ महासंघ र सदस्य संस्थाहरुमा संलग्न व्यक्तिहरुले नेपाल पक्ष भएका अन्तर्राष्टिय सन्धी सम्झौता, नेपालको संविधान र विद्यमान व्यवस्थाहरु समेतका आधारमा कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन गर्ने क्रियाकलाप गर्नु हुँदैन । मानवअधिकारको हननलाई प्रवर्धन गर्ने कुनै पनि क्रियाकलापमा संलग्न हुन तथा त्यस प्रकारको कुनै पनि विषयलाई लेखेर, बोलेर वा सार्वजनिक गरेर प्रवर्धन गर्न हुदैन ।

२.२ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवीय कानुन, सन्धि–सम्झौता तथा घोषणापत्र पालना गर्नु र सोसम्वन्धी व्यवस्थाहरुको कार्यान्वयनका लागि प्रतिवद्ध रहनु महासंघ र यस आबद्ध सबै सदस्य संस्थाहरुको कर्तव्य हुनेछ ।

२.३ लोकतन्त्र र मानवअधिकारका आधारभूत सिद्धान्त तथा सामाजिक न्यायसम्बन्धी मूल्य–मान्यतामा आँच आउने कुनै पनि कार्य गर्नु गराउनु वा व्यक्त गर्नु हुँदैन ।

२.४ महासंघ, यसका सबै सदस्य संस्थाहरु र सम्बद्ध व्यक्तिहरुले अधिकारवाला, लक्षित समुदाय वा सेवाग्राहीको नैतिक मूल्य–मान्यता, धर्म, भाषा, रीतिरिवाज, परम्परा र संस्कृतिको उच्च सम्मान र सोप्रति संवेदनशील हुनुपर्छ । कुनै पनि प्रकारका हानिकारक अभ्यास र कुरितीजन्य व्यवहारहरुको स्पष्ट रुपमा विरोध र त्यस्ता व्यवहारहरुको अन्त्यका लागि प्रतिवद्ध रहनु पर्ने छ ।

२.५ महासंघ, यसका सबै सदस्य संस्थाहरुका क्रियाकलापहरू समावेशी, लैंगिकमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री र वातावरणमैत्री हुनुपर्छ ।

## ३. निरपेक्षता र तटस्थता

३.१ महासंघ, यसका सबै सदस्य संस्थाहरु र सम्बद्ध व्यक्तिहरुले संस्थागत जिम्मेवारीमा रहदा कुनै पनि निश्चित राजनीतिक दल, दलसँग सम्वन्धित काम, दलका अभियान वा दलगत राजनीतिक विचारको प्रचार प्रसार गर्ने, राजनीतिक प्रभाव पार्ने वा राजनीतिक पूर्वाग्रह राखेर सार्वजनिक रुपमा लेख्ने, बोल्ने वा काम गर्नु÷गराउनु हँुदैन ।

३.२ संस्थागत रूपमा कुनै निश्चित धार्मिक समुह, धर्म, धर्म विशेषको अनुकूल वा प्रतिकूल हुने गरी प्रचार प्रसार वा विरोध गर्ने गराउने कार्य गर्नु गराउनु हुँदैन ।

३.३ कुनै पनि जात, जाति, भाषा, वर्ण, धर्म, लिंग, उमेर, शारीरिक मानसिक अवस्था, भुगोल र क्षेत्रीयताका आधारमा भेदभाव वा पक्षपात हुने कार्य गर्नु हुँदैन ।

३.४ महासंघ, यसका सबै सदस्य संस्थाहरु र सम्बद्ध व्यक्तिहरुले संस्थाका आन्तरिक तथा बाह्य स्रोत–साधन उपयोग, अवसर र वितरण गर्दा व्यक्तिगत वा पारिवारिक लाभमा लगाउनु हुदैन । सधै संस्थागत प्रयोजन र हितमा लगाउनु पर्दछ र कुनै पनि स्रोतसाधनको प्रयोग, अवसर र सेवाहरुको प्रयोगमा विभेदजन्य व्यवहार गर्नु गराउनु हुँदैन ।

## ४. सहयोगात्मक मानवीय व्यवहार

४.१ बालबालिका, महिला, अपांगता भएका नागरिक, ज्येष्ठ नागरिक र समाजमा पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रप्रति सम्मान र सहयोगी व्यवहार गर्नुपर्छ ।

४.२ विपद् , महामारी, जोखिम परेका बेला स्रोत–साधनले भ्याएसम्म प्रभावित क्षेत्र र नागरिकका लागि तत्काल सहयोग र राहतमा जुट्नु सामाजिक अभियान्ताको दायित्व हुनेछ र आआफ्नो क्षमता र स्रोतले भ्याएसम्म सो कार्यमा सहयोग गर्नु वा सहयोगका लागि वातावरण बनाउन पहल गर्नुपर्छ ।

४.३ आफ्नो कार्यक्षेत्रमा कार्यरत सामुदायिक संस्था, समुह र समुदायहरुको क्षमता विकाश, सशक्तिकरण र सहकार्यमास्रोत–साधनले भ्याएसम्म समन्वय तथा साझेदारी गर्नुपर्छ ।

४.४ मानवीय सेवा, सामाजिक उत्तरदायित्व, सहायता तथा यसप्रकारका क्रियाकलापको प्रवद्र्धन र विकासमा सदैव प्रयासरत र क्रियाशिल रहनुपर्छ ।

## ५. आन्तरिक सुशासन

५.१ संस्थाहरूले विधिको शासनको सिद्धान्तलाई आत्मसात् गरी संस्थाका क्रियाकलाप देशको विद्यमान कानुन, महासंघ र संस्थाको आफ्नै विधान, नीतिनियम अनुसार सञ्चालन गर्नुपर्छ । महासंघ र सदस्य संस्थाहरुमा आन्तरिक लोकतन्त्रको अभ्यास गर्नुपर्दछ ।

५.२ सरकार, सर्वसाधारण नागरिक, सहयोगी संस्था, साझेदार निकाय, अधिकारवाला, लाभग्राही तथा अन्य सरोकारवाला निकायसँग व्यवहार गर्दा पारदर्शी ढंगले गर्नुपर्छ ।

५.३ वित्तीय कारोवार, विधि–विधान एवं कार्य प्रणाली, कार्यकारी बोर्ड र साझेदारी निकाय लगायतका महासंघ र यसका सदस्य संस्थाहरुसँग सम्वन्धित सम्पूर्ण सूचना तथा जानकारी देशको विद्यमान कानून तथा नीतिगत व्यवस्थाका अनुसार पारदर्शी र सर्वसाधारणको पहुँचमा हुनुपर्छ ।

५.४ आफ्ना कार्यहरू र स्रोत–साधनको उपयोगिताबारे सार्वजनिक जवाफदेहिताका विधीहरु जस्तै सामाजिक परीक्षण, सुचनाको हक लगायतका विधिमार्फत नियमित रूपमा सार्वजनिक जानकारी गराउनुपर्छ । महासंघ र सदस्य संस्थाहरुमा डिजिटल गभनेन्सलाई अवलम्वन गर्दै जानु पर्दछ ।

५.५ आफ्ना काम तथा निर्णयको सन्दर्भमा आफ्ना सहयोगी निकाय, सरकार, अधिकारवाला, लाभग्राही, लक्षित समुह समुदाय, साधारण सदस्य तथा साझेदार निकायप्रति पनि उत्तिकै जवाफदेही र जिम्मेवार हुनुपर्छ ।

५.६ महासंघ र यसका सदस्य संस्थाहरुबाट प्रवाह हुने कुनै पनि सूचना तथा जानकारीहरु सत्य र सही भएको सुनिश्चित गरेर मात्र सार्वजनिक गर्नुपर्दछ  ।

५.७ आफूहरूमध्ये कर्मचारी, कार्यकारी बोर्ड, स्वयंसेवक, साझेदार वा सेवाप्रदायकबाट भएका कार्य गलत देखिएमा तत्काल सच्याउनुपर्छ र पुनः गल्ती नगर्ने पाठ सिक्नुपर्छ । आफ्नो कुनै पनि कामका कारण कसैलाई हानी पुगेको अवस्थामा विद्यमान व्यवस्थाका आधारमा क्षतिपुर्ति दिन तयार हुनुपर्दछ ।
५.८ आन्तरिक लोकतन्त्र, खुला सदस्यता र सुशासनको विकास गरी आफ्ना सबै संरचनामा समानुपातिक र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गर्नुपर्छ ।
५.९ पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गराउन सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ ।

**६. आर्थिक अनुशासन**

६.१ कुनै पनि व्यक्ति, संस्था, निकाय, कार्यालय वा दातृ निकायबाट वित्तीय वा अन्य कुनै प्रकारको सहयोग लिंदा संस्थाका उद्देश्य तथा सिद्धान्तलाई योगदान पुग्नेगरी र राज्यको विद्यमान कानुनबमोजिम प्राप्त गर्नुपर्छ । कुनै पनि आर्थिक वा अन्य सहयोग लिँदा सो रकम कुनै पनि प्रकारका गैरकानुनी स्रोत नभएको, सो स्रोत मानव बेचविखन तथा ओसारपसार, लागु औषध वा कुनै पनि संगठित अपराधसँग सम्वन्धित नभएको सुनिश्चित गर्नुपर्दछ
६.२ महासंघ र सदस्य संस्थाहरुले आफ्नो वार्षिक योजना, कार्यक्रम र बजेट नियमित रुपमा वार्षिक साधारणसभाबाट पारित गराई स्वीकृत बजेटअनुसार मीतव्ययी ढंगले सञ्चालित हुनुपर्छ । परियोजनाका कार्यक्रमहरुको लगानीको उच्चतम प्रतिफल समुदायमा नै पुग्ने सुनिश्चित गर्नुपर्दछ ।
६.३ संस्थाको सबै सम्पत्ति संस्थाको संपत्ति बाध्नु पर्दछ । कुनै पनि चल–अचल सम्पत्ति कुनै पनि व्यक्तिले व्यक्तिगत वा पारिवारिक हितमा प्रयोग गर्ने, आफ्नो मनोमानी खर्च गर्ने, व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने, मास्ने वा हानि–नोक्सानी हुने कार्य गर्नु हुँदैन । मासेको वा हानिनोक्सानी भएको अवस्थामा सोधभर्नाको गर्नुपर्दछ ।
६.४ प्रत्येक गैसस सामाजिक उद्यमीशिल र गैरनाफामूलक संस्थाका रूपमा सञ्चालन हुनुपर्छ । संस्थाको अतिरिक्त आम्दानी वा बचतलाई नाफाको रूपमा लिई कुनै पनि कार्यकारी, सदस्य वा कर्मचारीलाई लाभांश वितरण गर्नु हुँदैन ।
६.५ संस्थाको नीति–नियमले तोकेभन्दा बढी वा नियममा उल्लेख नभएको रकम वा सुविधा आफूखुसी उपयोग गर्नु हुँदैन । निश्चित व्यक्ति वा पदलाई लाभ पुग्ने वा संस्थालाई आर्थिक असर पर्नेगरी नीतिगत व्यवस्था गर्नु हुदैन ।
६.६ प्रत्येक गैससले वित्तीय कारोबारको आन्तरिक नियन्त्रण र परीक्षणका लागि अभ्यासमा रहेको, उपयुक्त नियन्त्रण प्रणाली र विश्वसनिय लेखापरीक्षण गर्ने पद्धति अभ्यासमा ल्याएको हुनुपर्छ । उपरोक्त पद्धति तथा अभ्यास प्रचलित कानुनबमोजिम हुनुपर्छ ।
६.७ संस्थाको आर्थिक कारोबार प्रचलित नियम, कानुन र विधिसम्मत् ढंगले अधिकार प्राप्त अधिकारीद्वारा प्रमाणित गरी चुस्त–दुरुस्त अभिलेख राख्नुपर्छ । संस्थाका गतिविधी र लेखा प्रणालीलाई सकेसम्म सफ्टवेयरका आधारमा अभ्यास गर्नुपर्दछ ।

**७. स्वायत्तता तथा आपसी सद्भाव**

७.१ महासंघ र यसका सदस्य गैससहरु कुनै पनि तहको सरकार, अन्तरसरकारी निकाय वा कुनै अन्तर्राष्ट्रिय संघसंस्थाको अंग वा उनीहरूबाट प्रत्यक्ष नियन्त्रित हुनु हुँदैन ।

७.२ संविधानको मौलिक हक, संस्थाको मूल उद्देश्यमा आँच नआउने गरी संविधानले दिएको अधिकार प्रयोग गरी गैससका पदाधिकारी सदस्यले आफ्नो विचार राख्नुपर्छ । तर, यसरी आफ्नो विचार प्रकट गर्दा अरुलाई व्यक्तिगत वा समुहगत वा राजनीतिक रूपमा कसैलाई आक्षेप लगाउने कार्य गर्नु हुँदैन ।

७.३ महासंघ र सदस्य गैससहरु, त्यसका पदाधिकारी, सदस्य, कर्मचारी तथा स्वयंसेवकले नागरिक समाज, नागरिक समाज र गैससहरूको योगदान, हकहित संरक्षण, प्रवद्र्धन र पक्षपोषण गर्नुपर्छ ।

७.४ कुनै पनि निकायबाट वित्तीय तथा अन्य कुनै खालको सहयोग लिँदा संस्थाको, देशको विद्यमान कानुनी व्यवस्था, संस्थागत रणनीतिक योजना, विधानमा उल्लेखित उद्देश्य तथा संस्थाका निर्देशक सिद्धान्तलाई योगदान पुग्नेगरी लिनुपर्छ

**८. आत्मनिर्भरता तथा दिगोपना**

८.१ सदस्य संस्थाले सामाजिक÷सामुदायिक र अभियानसँग सम्वन्धित गतिविधि सञ्चालन गर्दा आत्मनिर्भरता र दिगोपनाका लागि आवश्यकतानुसार अल्पकालीन र दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

८.२ संस्थालाई सामाजिक उद्यमशिलतातर्फ अग्रसर गराउदै स्वालम्वी संस्थाका रुपमा स्थापित गर्न प्रयास गर्नुपर्दछ ।

८.३ संस्थाको संस्थागत विकास, दिगोपना र संस्थाको विशिष्ट पहिचान बनाउनेतर्फ प्रत्येक सदस्यले रचनात्मक रूपमा निरन्तर लागिरहनुपर्छ ।

**९. मानव संसाधन व्यवस्थापन**

९.१ महासंघ र सदस्य संस्थाहरुले कर्मचारी वा स्वयंसेवक छनोट गर्दा संस्थाको उद्देश्यप्रति प्रतिबद्ध हुने सक्षम र जिम्मेवार व्यक्तिहरू छनोट गर्नुपर्छ । यस्तो छनौटमा सो जिम्मेवारीका लागि क्षमतावान, श्रेष्ठता र विज्ञता भएको व्यक्ति खुल्ला प्रतिष्पर्धाका आधारमा छनौट गरिनु पर्दछ ।

९.२ मानव संसाधन नीति लिखित हुनु पर्दछ र यसलाई नियमित रुपमा अद्यावधिक गरी लागू गर्नुपर्छ । यस्ता नीतिमा कर्मचारीहरूको पारिश्रमिक, बिदा, सामाजिक सुरक्षा र अन्य सुविधाका विषयबारे स्पष्ट व्यवस्था गरिएको हुनुपर्छ । कर्मचारी नियुक्ति गरी काम गर्दा विद्यमान श्रम ऐनले सुनिश्चित गरेका अधिकारहरुको कार्यान्वयन हुनुपर्दछ । प्रत्येक वर्ष महासंघ र सदस्य सस्थाहरुले श्रम अडिट गर्नुपर्दछ ।

९.३ महासंघ र यसका प्रत्येक सदस्यले आफ्ना सदस्य तथा कर्मचारीलाई सिकाई, अध्ययन र व्यक्तितत्व विकास गर्ने अवसर वा वातावरण दिनुपर्छ ।
९.४ महासंघ र यसका प्रत्येक सदस्य संस्थाले कार्यकारी समिति, कर्मचारी वा स्वयंसेवक छनोट र परिचालन गर्दा समानुपातिक र समावेशी सिद्धान्तलाई अंगिकार गर्दै खुल्ला प्रतिष्पर्धाका आधारमा गर्नुपर्छ ।

**१०. समन्वय र सहकार्य**

१०.१ महासंघ र यसका सदस्य संस्थाहरुले संघ, प्रदेश र स्थानीय तहमा विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघसंस्था, सामुदायिक संस्था, लाभग्राही र अन्य सरोकारवालासँग समन्वय र सहकार्य कायम गरी कार्य गर्नुपर्छ ।
१०.२ समान उद्देश्य तथा कार्यक्रम भएका विभिन्न संघसंस्था एवं सञ्जाल तथा महासंघहरुसँग समान सम्बन्धका आधारमा सम्पर्क, समन्वय र साझेदारीको विकास गर्नुपर्छ ।
१०.३ संस्थाका उद्देश्य, लक्षित समुदाय र कार्यक्षेत्र जुध्न गएका कारण हुन सक्ने अस्वस्थ प्रतिस्पर्धा, सेवा तथा कामको दोहोरोपना वा एक–अर्काप्रति अवरोध वा निषेध गर्ने जस्ता कार्यबाट महासंघ र यसका सदस्यहरु पूर्ण रूपमा मुक्त हुनुपर्छ ।
१०.४ गैसस महासंघका सदस्य संस्थाहरुले केन्द्रीय, प्रदेश तथा जिल्ला शाखासँग आवश्यक सम्पर्क र समन्वय कायम गरी संस्थाका गतिविधि अगाडि बढाउनुपर्छ ।